नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना
**परियोजना कार्यान्वयन एकाई, भक्तपुर**
(कार्यक्षेत्र: भक्तपुर, काठमाण्डौ र ललितपुर)

☏०१-५१४२१३१
इमेल:pmamp.piu.bhaktapur@gmail.com

चाँगुनारायण-८, सुडाल, भक्तपुर

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना
परियोजना कार्यान्वयन इकाई
...पुर

## सूचना नं.: १

# कार्यक्रममा सहभागि हुन प्रस्ताव आव्हानको सूचना

**(प्रथम पटक सूचना प्रकाशित मितिः २०७८/०५/२२)**

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन एकाई भक्तपुर अन्तर्गत आ.व.२०७८/०७९ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार **भक्तपुर, ललितपुर र काठमाण्डौं जिल्लाहरुमा** संचालित विभिन्न वालीका जोन (व्यवसायिक कृषि उत्पादन तथा प्रशोधन केन्द्र) क्षेत्र लगायत अन्य क्षेत्रमा संचालन हुने तपसिल बमोजिमका कार्यक्रममा सहभागी हुन चाहने संबन्धित इच्छुक कृषक समूह, कृषि सहकारी, जल उपभोक्ता समिति र नीजि कृषि फर्म तथा कृषि कम्पनीहरुका आधिकारिक व्यक्तिले यस कार्यालयको निर्धारित ढांचाको आवेदनसाथ निम्न बमोजिमको आवश्यक कागजातहरु सहित कार्यालय समयभित्र परियोजना कार्यान्वयन एकाई, भक्तपुरमा मिति २०७८ असोज २० गते सम्म प्रस्ताव पेश गर्नुहुन सम्बन्धित सवैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। साथै इच्छुक कृषक समूह/ कृषि सहकारी/जल उपभोक्ता समिति/नीजि कृषि फर्म तथा कृषि कम्पनीहरुले आवेदन सहितको प्रस्ताव पेश गर्ने अन्तिम म्याद अगावै नियमानुसार संबन्धित जोनमा सूचिकृत भई कार्यक्रममा सहभागिताको लागि प्रस्ताव पेश गर्न सक्ने व्यहोरा समेत जानकारी गराइन्छ ।

| क्र.सं. | स्वीकृत कार्यक्रम | इकाई | परिमाण | वजेट रु लाखमा | यस कार्यालयवाट उपलब्ध हुनसक्ने अनुदान | प्रस्ताव आवेदन पेश गर्दा ध्यान दिनु पर्ने मुख्य मुख्य विवरण |
|---|---|---|---|---|---|---|
| १ | कृषि उपज बजारीकरणका लागि कृषि मार्ट स्थापना तथा सञ्चालन सहयोग | पटक | १ | १८ | कुल लागतको ५० प्रतिशत अनुदान वा अधिकतम १८ लाख सम्म | बैधानिक रुपमा दर्ता भइ स्थानिय कृषि उपजहरुको वजारीकरणमा संलग्न रहेको । |
| २ | च्याउ खेतीको आधुनिकीकरण तथा विस्तारका लागि सहयोग | पटक | १ | १० | कुल लागतको ५० प्रतिशत अनुदान वा अधिकतम १० लाख सम्म | उच्च प्रविधिमा आधारित रही वर्ष भरी च्याउ उत्पादन गरि रहेका व्यावसायिक च्याउ उत्पादक संस्थाहरु। |
| ३ | स्थानीय तहसँगको समन्वयमा नर्सरी श्रोत केन्द्र स्थापना/सुदृढीकरण | संख्या | १ | ५ | कुल लागतको ५० प्रतिशत अनुदान वा अधिकतम ५ लाख सम्म | नर्सरी व्यवसायमा उद्यमशिलता हासिल गरेको र नर्सरी दर्ता गरी काम गरिरहेको संस्थाहरु । |
| ४ | निजीस्तरको प्रयोगशाला सेवाको आधुनिकिकरण, स्तरोन्नती तथा बिस्तार | पटक | १ | १० | कुल लागतको ५० प्रतिशत अनुदान वा अधिकतम १० लाख सम्म | नेपाल सरकारवाट मान्यता प्राप्त आलु तथा तरकारी वालीमा Tissue Culture प्रविधिवाट रोग रहित विउ तथा बेर्ना उत्पादनमा संलग्न प्रयोगशालाहरु । |
| ५ | चक्लावन्दी, सामुहिक र करार खेती विकास कार्यक्रम संचालनको लागि सहकारी, निजी क्षेत्र र विदेशमा कृषि पेशाबाट फर्केका व्यक्तिबाट माँग संकलन, सम्भाव्यता अध्ययन र कार्यान्वयनमा सहयोग | हेक्टर | ३० | ६० | कुल लागतको ५० प्रतिशत अनुदान वा अधिकतम २ लाख सम्म प्रति हेक्टर | सामुहिक र करार खेती विकास कार्यक्रमको लागि कार्यालयवाट तयार पारिएको फर्मेटमा तोकिए वमोजिम पेश गर्नु पर्ने छ । |

**टीकाराम शर्मा**
वरिष्ठ कृषि अधिकृत

आवेदनका साथ संगलग्न गर्नुपर्ने कागजातहरु

१. संस्थाको छाप सहितको रु. १० को हुलाक टिकट टाँसेको कार्यालयले तोकेको ढाँचामा आवेदन साथ परियोजना कार्यान्वयन एकाइले तयार गरेको फर्मेट अनुसारको तथ्याङ्क सम्बन्धी विवरण ।

१. कृषक समूह/सहकारी/जल उपभोक्ता समिति/कृषि उद्यमी (फर्म) संबन्धित सरकारी निकायमा विधिवत रुपमा संस्था दर्ता भएको तथा नियमानुसार नविकरण गरेको प्रमाण पत्रको प्रतिलिपी।

२. आवेदक संस्थाको बैठकको निर्णयको प्रतिलिपी।

३. सम्वन्धित गाँउ पालिका, नगरपालिका, वडा कार्यालय वा पालिकाको कृषि शाखाको सिफारिश पत्र ।

४. सहकारी सस्था/फर्महरुको आ.व.२०७६/०७७ को लेखा परिक्षण प्रतिवेदनको प्रतिलिपी ।

५. कर तिर्नुपर्ने संस्थाले अघिल्लो आ.व. मा कर तिरेको रसिद वा कर चुक्ता प्रमाण पत्रको प्रतिलिपी ।

६. स्थायी लेखा नम्बर (PAN) प्रमाण पत्रको प्रतिलिपी ।

७. आवेदन दिने संस्थाको आधिकारिक व्यक्तिको नागरिकताको प्रतिलिपी

८. कार्यक्रम संचालन हुने स्थान (जग्गा/जमिन) को स्वामित्व खुल्ने कागजात वा लालपूर्जाको प्रतिलिपी र भाडाको जग्गा भएमा कम्तिमा ५ वर्षको सम्झौता पत्र पेश गर्नुपर्नेछ ।साथै पूर्वाधार निर्माणको हकमा कम्तीमा १० वर्षको सम्झौता अवधि हुनुपर्नेछ ।

९. निजीस्तरको प्रयोगशालाको हकमा निम्न अनुसार थप कागजातहरु पेश गर्नु पर्ने छ ।

क. प्रयोगशालाबाट दिने सेवाको प्रकार र विवरण खुल्ने प्रमाणित कागजातको प्रतिलिपी ।

ख. प्रयोगशालाबाट वार्षिक रुपमा परिक्षण गरिएका नमूना र सेवाग्राही (संस्थागत र व्यक्तिगत) को संक्षिप्त विवरण ।

ग. प्रयोगशालामा कार्यरत प्राविधिक जनशक्तिको विवरण ।

घ. यस कार्यालयको कार्य क्षेत्रमा पुर्याउन सक्ने सेवाको प्रकार र उपलब्ध गराउन सक्ने सुविधाको विवरण ।

१०. चक्लावन्दी, सामुहिक र करार खेतीको हकमा निम्न कागजातहरु पेश गर्नु पर्ने छ ।

क. करार खेतीकोलागि सम्झौता पत्र र आवश्यक अन्य कागजातहरु ।

ख. विदेशमा कृषि पेशावाट फर्केका व्यक्तिको हकमा कृषि सम्वन्धि तालीम,अध्ययन र कृषि पेशामा संलग्न भएको प्रमाण ।

ग. अन्य निकायहरुबाट सोही प्रकृतीको कामबाट लाभान्वित नभएको र दोहोरो नपर्ने प्रतिवद्धता।

११. स्थानीय तहसँगको समन्वयमा नर्सरी श्रोत केन्द्र स्थापनासुदृढीकरण/ कार्यक्रमको हकमा नर्सरी व्यवसायमा उद्यमशिलता हासिल गरेको र पहिला देखि नर्सरीमा काम गरेको र दर्ता भएको संस्थाले आवेदन दिन सकिने छ ।

**नोट:** जोनको उद्देश्यलाई सहयोग गर्न सक्ने सुनिश्चितता भएमा यस सूचनामा उल्लेखित कार्यक्रमहरु जोनको कार्यक्षेत्र बाहिर समेत संचालन गर्न सकिने छ ।

**पुनश्च:** यस सूचनामा प्रकाशित गरिएको कार्यक्रमहरुको सन्दर्भमा तोकिएको मिति, निर्देशिका, प्रचलित कानुन तथा रितपूर्वकको कागजात संलग्न भएको नपाइएमा उक्त कार्यक्रममा सहभागी गराउन नसकिने व्यहोरा समेत जानकारी गराइन्छ ।

थप जानकारीको लागि

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना

**परियोजना कार्यान्वयन एकाइ, भक्तपुर**

चागुनारायण न.पा.-८, सुडाल, भक्तपुर

फोन नं.: ०१-५१४२१३१

सूचना अधिकारी मोवाइल नं.:९८५११४२१३१

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना
परियोजना कार्यान्वयन इकाई
भक्तपुर

**टीकाराम शर्मा**

वरिष्ठ कृषि अधिकृत